annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २४, अंक २२२, पृष्ठ ८ | काठमाडौं, शनिबार ५ पुस २०८२ | पौष कृष्णपक्ष औंसी, नेपाल संवत् ११४६ | SATURDAY, DECEMBER 20, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# गुठीको जग्गामा रजाइँ, जोगाउन छैन प्रयास

मधेस प्रदेशको राजधानी जनकपुरमा विभिन्न गुठीका १० हजार बिघा जग्गा अतिक्रमण भइसकेका छन् । अर्बौंको जग्गा हिनामिना भए पनि गुठीका जग्गा संरक्षणका लागि न त सरोकारवाला निकायले प्रयास गरेका छन् न स्वयं गुठी संस्थानले नै कुनै पहल गरेको छ ।

समाचार पृष्ठ २

मनिका झा | *जनकपुरधाम*
– को रिपोर्ट

| क्र.स. | मठ–मन्दिरहरूको नाम | साविकको क्षेत्रफल | हालको क्षेत्रफल | | |
|---|---|---|---|---|---|
| | | | गुठी अधिनस्थ | गुठी तैनाथी | गुठी रैतान नम्बरी |
| १. | राम मन्दिर | २,८६७ बिघा २ कठ्ठा १५ धुर | २९० बिघा ६ कठ्ठा ८ धुर | १०७६ बिघा ८ कठ्ठा ५ धुर | १६४५ बिघा ४ कठ्ठा१६ धुर |
| २. | जानकी मन्दिर | ५९८ बिघा १० कठ्ठा ४ धुर | १३३ बिघा ८ कठ्ठा १८ धुर | १४२ बिघा १४ कठ्ठा ६ धुर | ४४५ बिघा १५ कठ्ठा७ धुर |
| ३. | लक्ष्मण मन्दिर गुठी | ४०९ बिघा १ कठ्ठा १६ धुर | १४ बिघा १० कठ्ठा ५ धुर २ कनमा | ६५ बिघा ९कठ्ठा १४ धुर | ३२९ बिघा १ कठ्ठा १६ धुर |
| ४. | बराही कुटी | ७ बिघा | – | ७ बिघा | – |
| ५. | सुगामधुकरही स्थान | ५५ बिघा | – | ५५ बिघा | – |
| ६. | इटहर्वा स्थान मठ | ३६१ बिघा ११ कठ्ठा १० धुर | १०४ बिघा १० कठ्ठा | ११३ बिघा ९कठ्ठा १० धुर | १४१ बिघा ११ कठ्ठा १० धुर |
| ७. | तरही स्थान मठ | २३६ बिघा ९कठ्ठा १२ धुर | – | ३० बिघा १७ कठ्ठा ९ धुर | २०५ बिघा १२ कठ्ठा ३ धुर |
| ८. | कपिलेश्वर स्थान | ८ बिघा १० कठ्ठा | – | ८ बिघा १० कठ्ठा | – |
| ९. | झोझिकटैया स्थान | ५ बिघा | – | ५ बिघा | – |
| १०. | कुपेश्वर मठ (कुवा) | ४८४ बिघा १९ कठ्ठा९ धुर | १८ बिघा | ६३ बिघा १ कठ्ठा ११ धुर | ४१२ बिघा ७ कठ्ठा १२ धुर |
| ११. | कुमरौडा भगवती | ३ बिघा १५ कठ्ठा | – | १५ बिघा | ३ बिघा |
| १२. | हनुमान नगर स्थान कुटी | १४२ बिघा १५ कठ्ठा | – | ३९ बिघा १ कठ्ठा १४ धुर | ११३ बिघा १३ कठ्ठा ५ धुर ३ कनमा |
| १३. | सीता कुण्ड | ९ बिघा | २ बिग्हा | ६ बिघा १९ कठ्ठा ११ धुर | २ बिघा ९ धुर |
| १४. | रानीपाटि तोत्रादी मठ | ५ बिघा | – | ५ बिघा | – |
| १५. | धनौजी मठ | ९४ बिघा | ६१ बिघा ५ कठ्ठा १९ धुर | १४ बिघा ४ कठ्ठा ५ धुर | १८ बिघा ९ कठ्ठा १६ धुर |
| १६. | रत्नसागर मठ | ६५ बिघा १५ कठ्ठा १५ धुर | २० बिघा ५ कठ्ठा १३ धुर | ५२ बिघा १४ कठ्ठा ७ धुर | ९ बिघा १९ कठ्ठा १५ धुर ३ कनमा |
| १७. | गिरनारी कुटी | २ बिघा | – | २ बिघा | – |
| १८. | बिरख कुटी | ६ बिघा | ३ बिघा १३ कठ्ठा१५ धुर | २ बिघा ६ कठ्ठा ५ धुर | – |
| १९. | बेला कुटी | १५ बिघा | – | १६ बिघा १ कठ्ठा १३ धुर | – |
| २०. | सुब्बा कुटी धनुषाधाम | ७५ बिघा १२ कठ्ठा ४ धुर | ४९ बिघा | २६ बिघा १२ कठ्ठा | – |
| २१. | राधाकृष्ण भगवान वीरपुर कुटी | ५ बिघा | ४ बिघा १४ कठ्ठा १२ धुर ३ कनमा | ५ कठ्ठा ७ धुर १ कनमा | – |
| २२. | भोइल मठ | ३७८ बिघा १३ कठ्ठा १४ धुर | १० बिघा १५ कठ्ठा | १९ बिघा १२ कठ्ठा १९ धुर | ३३८ बिघा १३ कठ्ठा १४ धुर |
| २३. | जनक मन्दिर | – | – | १ कठ्ठा १७ धुर २ कनमा | – |
| जम्मा | | ५,८३५ बिघा १० कठ्ठा १९ धुर | | | |




# अन्तरिम सरकारका १०० दिन, निर्वाचनका लागि चट्टान झैं दृढ



सुरेन्द्र काफ्ले | *काठमाडौं*

प्रधानमन्त्री सुशीला कार्कीले तोकिएकै समय फागुन २१ गते निष्पक्ष र भयरहित वातावरणमा चुनाव सम्पन्न गर्न चट्टान झैं दृढ रहेको बताएकी छन्। सरकारका १ सय दिन पुगेको अवसरमा प्रधानमन्त्री कार्कीले देशवासीको नाममा जारी गरेको सन्देशमा चुनावप्रति अठोट व्यक्त गरेकी छन्। 'अहिले कतिपयको मनमा एउटा जिज्ञासा र केही ठाउँमा भ्रम पनि छ। प्रश्न गर्नेहरूले भन्ने गर्नुभएको छ। के देश साँच्चै चुनावतिरै बढेको हो त ? के सरकारले शान्ति सुरक्षाको ग्यारेन्टी दिन सक्छ ? प्रधानमन्त्री कार्कीले सन्देशमा भनेकी छन्, 'आज म यही मञ्चबाट देश र दुनियाँलाई प्रस्ट पार्न चाहन्छु– २०८२ फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचन अब केवल एउटा कार्यतालिका मात्र रहेन, यो हाम्रो देशलाई स्थिरता दिने र नयाँ युगको सुरुआत गर्ने एक मात्र निर्विकल्प मार्ग हो।' उनले चुनाव सार्ने वा रोक्नजस्ता हल्ला निराधार र भ्रमपूर्ण रहेको स्पष्ट पारेकी छन्। 'म तपाईंहरूलाई आश्वस्त पार्न चाहन्छु, चुनाव सार्ने वा रोक्नेजस्ता हल्लाहरू पूर्णत: निराधार र भ्रमपूर्ण छन्। यो सरकार तोकिएको समयमै, निष्पक्ष र भयरहित

> 'चुनाव सार्ने वा रोक्नेजस्ता हल्लाहरू पूर्णत: निराधार र भ्रमपूर्ण छन्। यो सरकार तोकिएको समयमै, निष्पक्ष र भयरहित वातावरणमा चुनाव सम्पन्न गर्न चट्टान झैं दृढ छ।'

वातावरणमा चुनाव सम्पन्न गर्न चट्टान झैं दृढ छ,' उनले भनेकी छन्।

प्रधानमन्त्री कार्कीले निर्वाचनका लागि सरकारले आफ्नो तर्फबाट सम्पूर्ण तयारी पूरा गरेको बताएकी छन्। उनले भनिन्, 'सुरक्षाको सवालमा हामीले कुनै कसर बाँकी राखेका छैनौं।' प्रधानमन्त्री कार्कीले चुनावका लागि एकीकृत निर्वाचन सुरक्षा योजना स्वीकृत भइसकेको छ र नेपाली सेनाको परिचालन सुनिश्चित गरिएको बताएकी छन्। आन्दोलनका क्रममा लुटिएका १ हजार ३४२ थानमध्ये अधिकांश हतियार बरामद गरिसकिएको र यस अतिरिक्त अन्य ३२ थान हतियार पनि प्रहरीले नियन्त्रणमा लिएको उनले जनाएकी छन्।

बाँकी पृष्ठ ६

# मुख्यमन्त्री यादवलाई शतप्रतिशत विश्वासको मत

## प्रतिपक्षीविहीन प्रदेश सभा

गोविन्द महतो | *जनकपुरधाम*



मुख्यमन्त्री कृष्णप्रसाद यादवले मधेस प्रदेश सभाबाट शुक्रबार विश्वासको मत लिएका छन्। ७ दलको समर्थनमा मुख्यमन्त्री बनेका कांग्रेसका यादवलाई प्रदेश सभाका सम्पूर्ण सदस्यले मत दिए। प्रदेश सभा प्रतिपक्षविहीन बनेको छ।

मुख्यमन्त्री यादवले संविधानको धारा १६८ को धारा (४) बमोजिम विश्वासको मत मागेका थिए। तर, प्रदेश सभाका सम्पूर्ण दलहरूले विश्वासको मत दिए। प्रदेश सभामा उपस्थिति ९२ जनै प्रदेश सभा सदस्यले मुख्यमन्त्रीको पक्षमा मतदान गरे। विपक्ष र तटस्थमा शून्य मत पर्‍यो। जबकि विश्वासको मत अर्थात् बहुमतका लागि ५४ मत चाहिन्छ। कांग्रेसका यादवलाई प्रदेश सभाको सबैभन्दा ठूलो दल एमालेले पनि विश्वासको मत दिएको हो। यस्तै, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, माओवादी केन्द्र, एकीकृत समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र नेपाल संघीय समाजवादी पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालले विश्वासको मतको पक्षमा मतदान गरेका थिए।

बाँकी पृष्ठ ६

भित्री पृष्ठ



मायाहरूको सभ्यता : मायाकै संसार ! - पृष्ठ ३



मान्छे किन यति निर्दयी ? - पृष्ठ ४

# नेपाली पनि लाभान्वित डिभी स्थगित

सुरज भण्डारी | *अमेरिका*

अमेरिकामा आप्रवासनको प्रमुख आधार डाइभरसिटी भिसा (लोटरी) कार्यक्रम अन्तत: स्थगित गरिएको छ। अमेरिकामा स्थायी बसोबासका लागि डाइभरसिटी भिसामार्फत प्रत्येक वर्ष ठूलो संख्यामा आप्रवासन हुने गरेको थियो। नेपालबाट पनि डाइभरसिटी भिसा लोटरीमार्फत अमेरिका आएकाको संख्या अत्यधिक रहेको छ। यो लोटरी कार्यक्रममार्फत सपरिवार ग्रिनकार्डसहित अमेरिका आउन सकिन्थ्यो।

डाइभरसिटी भिसा कार्यक्रमको विपक्षमा रहँदै आएका अमेरिकी राष्ट्रपति डोनाल्ड जे ट्रम्पले अन्तत: डाइभरसिटी भिसा कार्यक्रम स्थगनको आदेश गरेका छन्। यो आदेश उनले रोड आइल्यान्ड राज्यमा रहेको ब्राउन विश्व विद्यालयमामा गोली काण्ड र विश्व प्रसिद्ध म्यासाच्युट्सइन्स्टिच्युट अफ टेक्नोलोजीका प्रोफेसर नुनो लौरेइरो (४७ वर्षीय) गोली हानी भएको हत्यामा संलग्न व्यक्ति डिभी कार्यक्रममार्फत छानिएका पोर्चुगेली नागरिक रहेको खुलेपछि दिएका हुन्। डिसेम्बर १३ मा ब्राउन विश्वविद्यालयमा भएको गोली काण्डमा २ विद्यार्थीको मृत्यु भएको थियो भने ९ जना घाइते भएका थिए। त्यसको एक दिनपछि एमआईटीका प्रोफेसरको गोली हानी हत्या भएको थियो। दुवै घटनाका संदिग्धको खोजी गर्ने क्रममा प्रहरीले घटनामा संलग्न क्याल्याउदियो म्यान्युअल नेभेस भलेन्टे (४८ वर्षीय) एकै व्यक्ति भएको जनाउँदै ती व्यक्ति ब्राउन विश्वविद्यालयकै पूर्वविद्यार्थी रहेको र उनी सन् २००० मा अध्ययनका लागि अमेरिका आएका थिए उनलाई पछि सन् २०१७ मा डिभी परेको प्रहरी प्रशासनले जनाएको छ। घटनामा संलग्न व्यक्ति आप्रवासी भएको र

उनी डिभीमार्फत अमेरिका बस्ने अनुमति प्राप्त व्यक्ति भएको खुलेपछि ट्रम्प प्रशासनले डिभी कार्यक्रम स्थगनको आदेश गरेको छ। घटनामा संलग्न व्यक्तिको पनि मृत्यु भएको छ सो घटनामा संलग्न भलेन्टको शव न्युह्यायसायर राज्यको एक स्टोरेजमा फेला परेको छ।

अमेरिकी डिपार्टमेन्ट अफ होमल्यान्ड सेक्युरिटी सेक्रेटरी(गृहमन्त्री) क्रिस्टी नोयमले राष्ट्रपतिको आदेशअनुसार युनाइटेड स्टेट्स सिटिजनसिप एन्ड इमिग्रेसन सर्भिसेजलाई डिभी कार्यक्रम स्थगित गर्न निर्देशन दिइएको जनाएकी छन्। डिभी कार्यक्रममार्फत अमेरिका आएकाहरू गम्भीर प्रकृतिका घटनामा संलग्न हुने गरेको देखिएकाले डिभी कार्यक्रम स्थगनको आदेश राष्ट्रपतिबाट आएको बिहीबार उल्लेख गरेकी छन्।

विभिन्न आपराधिक घटनामा संलग्नहरू आप्रवासी रहे र उनीहरू जुन देशबाट अमेरिका आएका थिए त्यो देशलाई नै लक्षित गर्ने गरी अमेरिकी प्रशासनले निर्णयहरू गर्न थालेको छ। त्यसै अनुरूप पछिल्लो समय विभिन्न देशका नागरिकलाई अमेरिकी भूमि प्रवेशमै प्रतिबन्ध लगाइएको छ भने भिसासमेत निलम्बन गर्ने गरिएको छ। साथै, अमेरिकाको स्थायी बसोबास




अनुमति पाउने आधारहरूसमेत खारेजी, स्थगन वा उनीहरूका लागि त्यो सुविधा नहुने गरी निर्णय वा आदेश भइरहेको छ। अमेरिकाको स्थायी बसोबास अनुमति प्राप्त गर्ने विभिन्न आधारहरू रहेका छन् तर सबैभन्दा सजिलो आधारका रूपमा डाइभरसिटी भिसा कार्यक्रमलाई लिने गरिन्छ। सन् १९९५ देखि अमेरिकाले डाइभरसिटी भिसा कार्यक्रम सुरु गरेको थियो। अमेरिकामा आप्रवासीहरूको संख्याको अनुपात मिलाउने गरी इमिग्रेसन एक्ट १९९० मार्फत १९९५ बाट रिपब्लिकनकै उम्मेदवार राष्ट्रपति जर्न डब्लु बुस रहेको समयमा डिभी सञ्चालन भएको थियो। जसमार्फत प्रत्येक वर्ष ५५ हजार अमेरिका आप्रवासीका रूपमा आउने गर्दथे। सामान्यत: अर्को वर्षका लागि एक वर्षअघि नै आवेदन खुल्ने गर्दथ्यो, जुन आवेदनहरू लोटरीमार्फत छानिने गर्दथ्यो। अमेरिका सन् १७९० मै द नेचुरलायजेसन एक्ट ल्याएर आप्रवासन सुरु भएको थियो। त्यसको करिब २ सय वर्षपछि इमिग्रेसन एक्टमार्फत डिभी कार्यक्रम अघि बढेको थियो।

हालका राष्ट्रपति डोनाल्ड जे ट्रम्प आप्रवासीप्रति कठोर मानिन्छन्, आफ्नो पहिलो राष्ट्रपतिको कार्यकालमा समेत डिभी कार्यक्रम बन्द गर्न खोजेका उनी सफल नभए पनि दोस्रो कार्यकालमा भने विभिन्न कार्यक्रम अघि सार्दै डिभीको विकल्पको खोजीमा देखिएका छन्। एचवान भिसा कार्यक्रममा समेत लोटरी व्यवस्था रहेकामा त्यसलाई पनि ट्रम्पले स्थगन गर्दै एचवानमा कडाइ गरेका थिए।

सन् २०२७ का लागि डिभी कार्यक्रमका लागि आवेदनसमेत नखुलेको अवस्थामा ट्रम्पको पछिल्लो आदेशले त्यो सम्भावनाको पनि अन्त्य गरेको छ। पछिल्लोपटक सन् २०२६ का लागि नोभेम्बर ७, २०२४ मा आवेदन बन्द भएको थियो, जसमा ३ हजार ९ सय ३३ जना नेपाली डिभी लोटरीमा छानिएका थिए। यसअघि, २०२४ मा ३ हजार ८ सय ६३ जना नेपाली डिभी लोटरीमा छानिएका थिए। सन् २०११ मा २ हजार १ सय ८९ जना डिभीमार्फत छानिदा त्यसपछि वर्षहरू नेपालीले डिभी लोटरी पाउने संख्यासमेत क्रमश: बढ्दै गइरहेको थियो। डिभी लोटरीमार्फत अमेरिकामा आप्रवासनको शृखंला एकातर्फ बढिरहँदा अर्कोतर्फ यसलाई बन्द गर्नुपर्छ भन्ने आवाज र माग पनि अमेरिका उठ्दै आएको देखिन्छ। डिभी कार्यक्रम स्थायी रूपमै बन्द गर्नुपर्ने माग दाबीसहितका बिलहरू कंग्रेस र सिनेटमा विचाराधीन रहेको छ। पछिल्लोपटक हाउस अफ रिप्रिजेन्टेटिभ्स माइक कोलिन्सले सेक्युरिटी एन्ड फेयरनेस इन्ह्यान्समेन्ट फर अमेरिका एक्ट अफ २०२५ लाई हाउसमा रिइन्ट्रिड्युस्ड गरेका छन्।

बाँकी पृष्ठ ६